# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३० ] काठमाडौं, असार ९ गते २०३७ साल [ अतिरिक्ताङ्क १९


### राष्ट्रिय पञ्चायत सचिवालयको

### सूचना

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतको एकतीसौं अधिवेशनलाई २०३७ साल आषाढ ९ गते रोज १ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# शाही सम्बोधन

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय पञ्चायतका अध्यक्ष तथा सदस्यहरू,

१. नेपालको इतिहासमा पहिलो पटक सफलताका साथ सम्पन्न भएको राष्ट्रिय जनमत संग्रहको माध्यमबाट मुलुकका जनताले भविष्यको लागि निश्चित राजनैतिक मार्ग पहिल्याउने एक महान् निर्णय लिएका छन् । यसबाट हाम्रा पूज्य बुवाज्यू स्वर्गीय श्री ५ महेन्द्रबाट मुलुकको लागि करीब २० वर्षअघि निर्दिष्ट गरिबक्सेको बाटो नै हाम्रो लागि श्रेयस्कर थियो भन्ने कुराको पुष्टि हुनआएको छ । नेपाली जनताको दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाप्रतिको आस्था र पञ्चहरूको लगनशीलताले गर्दा आज देशले शान्ति र आर्थिक विकासको बाटोमा एकाग्र भई अझ बढी लम्कन सक्ने अवस्थाको सिर्जना भएको छ । अर्कोतिर प्रजातन्त्रको आदर्श अनुरूप आउँदा दिनहरूमा अझै पनि राष्ट्रिय स्वार्थको परिप्रेक्षमा सबै पक्षका नेपालीको एकता र सहयोग लिई हामी सबैले एउटै झण्डा र एउटै आकाशमुनि एउटै लक्ष्य र एउटै बाटोमा अग्रसर हुनु पर्ने आवश्यकता खट्किंदो छ । यसो गर्नाले मात्र विश्वको आजको बदलिंदो परिस्थितिमा हामीले स्वतन्त्र नेपाललाई जोगाई नेपाली मात्रको कल्याण गर्नसक्छौं ।

२. देशको शासनव्यवस्था जनआकांक्षा अनुकूल चलाउन हाम्रो इच्छा सदैव रहिआएको हुँदा नै जनमत संग्रहको घोषणा भएपछि पौष १ गते २०३६ सालमा हामीले नेपालको भावी राजनैतिक ढाँचामा केही मूलभूत परिवर्तनको पनि उल्लेख गरिबक्सेका थियौं । तदनुरूप गठन भएको संविधान सुधार सुझाव आयोगले सबै पक्षहरूसित राय–सल्लाह गरी आवश्यक संशोधन सुझाव पेश गर्ने भएको कुरा सबैमा विदितै छ ।

३. राजनैतिक स्थिरता र शान्तिविना मुलुक अगाडि बढ्न सक्दैन । मेरो सरकारले मुलुकमा अमनचैन कायम राख्नु एक प्रमुख जिम्मेदारी ठानेको छ र शान्ति एवं अमनचैन खलबल्याउने तथा देशमा अस्थिरताको वातावरण सिर्जना गर्ने कुनै पनि कार्यप्रति कडाइका साथ प्रतिरोध गर्नेछ ।

४. हाम्रा मूलभूत समस्या गरीबी र अज्ञानता नै हुन् । नेपालका बहुसंख्यक जनता गाउँघरमा बस्दछन् । हाम्रा समस्त प्रयासहरू – चाहे ती राजनैतिक दृष्टिकोणबाट उत्प्रेरित भएका हुन् अथवा आर्थिक र सामाजिकबाट – कमजोर र गरीब वर्गको भलाइ गर्ने दिशामा निर्देशित नभएसम्म सन्तोष लिन सकिन्न । यस तथ्यलाई दृष्टिगत गरी मेरो सरकारले ग्रामीण जनताको जीवनस्तर उठाउन र विकास कार्यक्रमको तर्जुमा, सञ्चालन र संभारमा स्थानीय जनताको सक्रिय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहभागिता जुटाउने हेतुले स्थानीय विकास मन्त्रालयको स्थापना गरेको छ । विगत वर्षहरूमा पञ्चायतहरूले स्थानीय श्रम, साधन र सीपको व्यापक स्तरमा परिचालन गरी स्थानीय विकासका लागि पूर्वाधार खडा गरेका छन् । नवगठित मन्त्रालय ग्रामीण उत्थानको कार्यलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न अझ बढी मात्रामा स्थानीय सहयोग प्राप्त गर्न सक्षम हुनेछ ।

५. मेरो सरकारले आउँदो वर्षमा साना किसानहरूको आर्थिक र सामाजिक स्तर उठाउन उपयोगी हुने कार्यक्रमहरू लागू गर्नेछ । यस क्रममा साना किसान विकास कार्यक्रमलाई व्यापक बनाउँदै सुलभ तरीकाबाट कृषि ऋण र उत्पादनका साधन उपलब्ध गराउने, खानेपानी योजना व्यापक रूपमा लागू गर्ने, घरेलु तथा साना उद्योगलाई प्रोत्साहन गर्ने र भूमिसुधार कार्यक्रमहरूमा विशेष जोड दिनेछ । साथै जग्गाको कमी हुँदै गएकोले पुनर्वास कार्यक्रमलाई क्रमशः गैर कृषि पेशामा आधारित गरी पहाडी क्षेत्रमा पनि सञ्चालन गर्ने जस्ता कार्यक्रम लागू गर्नमा विशेष ध्यान दिनेछ ।

६. आर्थिक र सामाजिक क्षेत्रमा समयानुकूल परिवर्तनको आवश्यकता महसूस गरिएर नै विगत दुई दशकदेखि विकासका पूर्वाधार— सिंचाइ, सञ्चार, विद्युत्, राजमार्ग, हवाई यातायात र केही आधारभूत उद्योगहरू स्थापना गरिएका हुन् । यसका अतिरिक्त शिक्षा, स्वास्थ्य र खानेपानी जस्ता आधारभूत सेवाहरू पनि आज धेरै जनताले उपभोग गरिरहेका छन् तापनि बहुसंख्यक जनताको आर्थिक अवस्था कमजोर भएको तथ्य सर्वविदितै छ । त्यसैले आगामी छैठौं योजनामा जनताका न्यूनतम आधारभूत आवश्यकता र सुविधाहरू परिपूर्ति गर्ने उद्देश्य राखिएको हो । उत्पादनमा वृद्धि गर्ने, उत्पादनशील रोजगारीको अवसर बढाउने र जनताका न्यूनतम आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्ने उद्देश्य लिई तर्जुमा गरिएको छैठौं योजनालाई प्रभावकारी ढङ्गबाट कार्यान्वियन गरी विकासको गतिमा तीव्रता ल्याउन र देशको अर्थतन्त्रलाई सक्षम तथा सुदृढ तुल्याउन आवश्यक कदमहरू मेरो सरकारले लिनेछ ।

७. हाम्रो मुलुकको आर्थिक तथा सामाजिक विकासको लागि अरू बढी मात्रामा लगानी गर्दै जानु परेको छ । यस आवश्यकतालाई दृष्टिगत गरी आन्तरिक साधन र वैदेशिक सहायताको परिचालन गर्दै विकास खर्चमा हुने लगानीलाई क्षेत्रीय दृष्टिकोणबाट समेत वढी व्यापक गराई करव्यवस्थालाई व्यावहारिक र सरलीकृत गर्ने आर्थिक आयोगका सुझावहरू मेरो सरकारले क्रमशः कार्यान्वियन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्दै जानेछ । विभिन्न सरकारी संस्थानहरूको उद्देश्य अनुरूप तिनको उपादेयता तथा क्षमताको पुनरावलोकन गर्दै मेरो सरकारले आर्थिक पूर्वाधार तथा भौतिक साधनहरूको बढी से वढी प्रयोग गर्ने नीति अपनाई क्रमशः आवश्यक कदमहरू उठाउँदै जानेछ ।

८. देशको आर्थिक विकासका लागि औद्योगीकरणको प्रक्रियामा तीव्रता ल्याउन उद्योगहरूको विकाससम्बन्धी ऐन–नियमहरूको समष्टि रूपमा सुधार गरी कार्यान्वियन पक्षमा जोड दिने र विदेशी पूँजीको स्वतन्त्र र संयुक्त रूपमा गरिने औद्योगिक लगानीको प्रक्रियालाई समेत उदार र सरल बनाइनेछ । साथै समुद्रपार व्यापारको प्रवर्द्धनलाई प्रोत्साहित गर्दै छिमेकी मुलुकहरूसितको व्यापार विस्तार र विकास गर्नमा पनि मेरो सरकारले जोड दिनेछ । त्यस्तै सर्वसाधारण जनताका दैनिक उपभोग्य वस्तुहरू र निर्माणसामग्रीको मूल्य स्थिर गर्दै सजिलो र नियमित रूपले उपलब्ध गराउन समेत मेरो सरकारले जोड दिनेछ ।

९. पर्यटन उद्योगले नेपाली समाजको अर्थतन्त्रमा एक महत्वपूर्ण स्थान ओगट्दै गएको छ । यस उद्योगलाई सम्वर्धन गर्दै विदेशी पर्यटकहरूलाई बढी संख्यामा आकर्षण गर्ने हेतुले हाम्रो प्राकृतिक सम्पदा र सांस्कृतिक निधिहरूको संरक्षण र विकास गर्दै जानेतर्फ मेरो सरकारले आवश्यक ध्यान दिनेछ ।

१०. वर्तमान नेपालका आर्थिक स्रोतहरूमा सबभन्दा मूल्यवान् हाम्रो अथाह जलस्रोत नै हो । यसको माध्यमबाट विद्युत् शक्ति, सिंचाइ तथा खानेपानीको राम्रो प्रबन्ध गर्दै लैजानेतर्फ मेरो सरकारले विशेष जोड दिनेछ । चारै विकास क्षेत्रका विद्युत् प्रणालीलाई केन्द्रीय प्रणालीसँग जोड्दै मेरो सरकारले कुलेखानी जस्ता निर्माणाधीन योजनालाई चाँडो पूरा गरी तराई र पहाडका दुर्गम स्थानमा समेत सकभर छिटो बिजुलीको उज्यालो पुऱ्याउने नीति लिएको छ ।

११. यातायात तथा सञ्चारतर्फ आगामी आर्थिक वर्षमा मेरो सरकारले जनताको सुविधालाई ध्यानमा राख्दै तराई र पहाडी क्षेत्रमा समेत राजमार्गहरूको निर्माणमा ध्यान पुऱ्याउनेछ । भारत तथा बंगलादेशसित माइक्रोवेभ लिंक स्थापना गर्नुका साथै मेरो सरकार सञ्चारका विभिन्न माध्यमहरूको विकास र विस्तार गर्दै लैजानेतर्फ पनि प्रयत्नशील रहनेछ ।

१२. नेपालको वनसम्पदा बढ्दो जनसंख्याको चापले दिन प्रतिदिन घट्दो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छ। यसबाट देशको प्राकृतिक भू-वनोटमा समेत असर पर्न लागेकोले मेरो सरकारले आउँदो वर्षमा ग्रामीण सहभागितामा आधारित सामुदायिक वन विकास आयोजना र एकीकृत ग्रामीण विकास आयोजना अन्तर्गतका वन विकास कार्यक्रमहरूलाई सञ्चालन गर्दै निजी क्षेत्रको वन र पञ्चायती वनलाई बढी प्रोत्साहित गर्दै जानेछ।

१३. शिक्षाको क्षेत्रमा राष्ट्रिय शिक्षा समितिले सिफारिश गरेका उपयुक्त तथा व्यावहारिक सुझावहरूलाई मेरो सरकारले क्रमशः कार्यान्वयन गर्दै जानेछ। निःशुल्क प्राथमिक शिक्षा कक्षा ५ सम्म विस्तार गर्ने सिद्धान्त स्वीकृत गरी क्रमिक रूपमा लागू गर्दै जाने मेरो सरकारको नीति रहनेछ। उच्च शिक्षाको हकमा साधारण तथा व्यावसायिक विषय पढाउने क्याम्पस खोल्नमा निजी क्षेत्रलाई प्रोत्साहित गर्नुको साथै गुणात्मक प्राविधिक जनशक्ति परिचालन गर्न मेरो सरकारले सुधारात्मक कदम चाल्नेछ।

१४. स्वास्थ्य सेवाको दृष्टिकोणले देशको ग्रामीण क्षेत्र अझै पनि धेरै पछि परेको छ। त्यसैले आगामी आर्थिक वर्षमा एकीकृत स्वास्थ्य सेवालाई व्यापक गर्दै परिवार नियोजन सेवालाई समेत बढाउँदै लैजाने मेरो सरकारले नीति लिनेछ। साथै देशमा उपलब्ध जडीबूटीको विकास गरी तिनबाट औषधि उत्पादन गर्दै आयुर्वेदिक र परम्परागत औषधि–उपचारको पद्धति समेतको विकास गर्नेतर्फ पनि मेरो सरकार सचेष्ट रहनेछ।

१५. मुलुकको शासनव्यवस्थालाई प्रजातान्त्रिक आदर्शहरूको अनुरूप विकसित गर्दै लैजान देशको कानूनमा आवश्यकतानुसार सुधार गरिनेछ। न्यायपालिकालाई स्वच्छ तथा छिटो छरितो बनाउन अदालतहरूको व्यवस्थामा सुधार गरिने प्रयास जारी राखिनेछ।

१६. देशका सर्वसाधारण जनतालाई सुख, सुविधा, शान्ति–सुरक्षा पुऱ्याउने काममा निजामती, प्रहरी तथा जंगी कर्मचारीहरूको जिम्मेदारी निक्कै गहन हुने भएकोले प्रशासनका यी तीनै अंगलाई अनुशासित, प्रभावकारी र जनसेवामुखी बनाउँदै लैजान तालीमका साथै आवश्यक उपकरणहरूले सुसज्जित बनाई उपलब्ध आर्थिक साधनले भ्याएसम्म थप सुविधा प्रदान गर्नेतर्फ पनि मेरो सरकारले ध्यान दिनेछ।

१७. नेपालले संसारका अरू राष्ट्रहरूसँग शान्तिपूर्ण सहअस्तित्व, समानता,

62 आधिकारिकता मुद्रण विभागबाट प्रमाणीत गरिएपछि मात्र लागु हुनेछ।

असंलग्नता र पारस्परिक रूपमा सार्वभौमिक अखण्डताको कदर गर्ने सिद्धान्तलाई अनुसरण गरी परराष्ट्र नीति सञ्चालन गर्दै आएको कुरा सबैमा विदितै छ। ती सिद्धान्तहरूको उल्लंघन गरी कुनै राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप भएमा संसारमा शान्ति भंग हुने डर हुन्छ। हाम्रा छरछिमेकका देशहरूमध्ये कम्पुचिया र अफगानिस्तानमा घटेका घटनाहरूबाट हामी चिन्तित भएका छौं।

१८. गत भाद्र महीनामा हवानामा सम्पन्न भएको असंलग्न राष्ट्रहरूको शीर्षस्थ सम्मेलनमा हामीबाट स्वयं भाग लिई असंलग्नताको सिद्धान्तमा रही आएको नेपालको दृढ निष्ठा स्पष्ट रूपमा अभिव्यक्त गरिबक्सेका छौं। महामहिम राष्ट्रपति जयवर्द्धनको मैत्रीपूर्ण निमन्त्रणामा हामीबाट गत साल भएको श्रीलंकाको राजकीय भ्रमणबाट दुई देशबीच रहिआएको सम्बन्धमा अभिवृद्धि भएको छ। हवाना र श्रीलंकाको भ्रमणको सिलसिलामा हाम्रो निकटतम छिमेकी मुलुकहरू भारत तथा चीन लगायत अन्य मित्रराष्ट्रहरूको हामीबाट भएको भ्रमणबाट द्विपक्षीय सम्बन्धलाई अझै सार्थक बनाउनुको साथै क्षेत्रीय सम्पर्क तथा सहयोग बढाउने र आपसी परामर्शको परिपाटी बसाल्ने काममा सघाउ पुगेको छ। हाम्रा उक्त भ्रमणहरूबाट यी मित्रराष्ट्रहरूलाई शान्ति क्षेत्रको प्रस्तावमा मुखरित हाम्रो विकास र शान्तिका आकांक्षाहरूलाई अझ राम्रो गरी बुझाउने अवसर पनि हामीलाई मिलेको छ। फलस्वरूप, शान्ति क्षेत्रको प्रस्तावमा समर्थन जनाउने मित्र राष्ट्रहरूको संख्या वृद्धि हुँदै गइरहेको छ। हाम्रो प्रतिनिधित्व गर्दै प्यारा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहबाट युगोस्लाभियाका राष्ट्रपति मार्शल जोजेफ ब्रोज टिटोको अन्त्येष्टिमा भाग लिई हामीले असंलग्न आन्दोलनका एक मूल प्रवर्तकप्रति हाम्रो श्रद्धा व्यक्त गरिबक्सेका छौं।

१९. छरछिमेकका मुलुकहरूबीच क्रमिक रूपमा मित्रता र सहयोगको गाँठो बढ्दै गएमा सबैको हित हुने कुरामा विश्वास राख्ने हाम्रो परम्परागत नीति अनुसार एशियाको यस भूभागमा पनि क्षेत्रीय सम्पर्क र सहयोगको अभिवृद्धि गर्ने नेपालको आकांक्षा रहिआएको छ। त्यसैले बंगलादेशका महामहिम राष्ट्रपतिद्वारा हालै यस सम्बन्धमा अभिव्यक्त गर्नु भएको विचारप्रति नेपालले सहमति जनाउनु स्वाभाविक हो। मध्यपूर्वको समस्याको स्थायी समाधानका लागि भएका शान्ति-प्रयासको नेपालले सधैं समर्थन गरिआएको छ। यस समस्याको समाधानमा एक पक्षको रूपमा रहेको प्यालेष्टिनी जनताको पनि सहभागिता रहनुपर्दछ भन्ने हाम्रो

६८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारणा रहिआएकोले यी जनताको प्रतिनिधिको रूपमा प्यालेष्टिनी मुक्ति मोर्चालाई मेरो सरकारले मान्यता प्रदान गरेको छ। गत वर्ष नेपाल अधिराज्य र जनवादी गणतन्त्र चीनबीचको सिमानासम्बन्धी नयाँ मूल लिपिमा हस्ताक्षर सम्पन्न हुनु दुई देशबीचको ऐतिहासिक तथा मैत्रीपूर्ण सम्बन्धको परिचायक हो। गत कार्तिक महीनामा भएको थाइल्याण्डका युवराज तथा युवराज्ञीको नेपाल भ्रमणबाट दुई देशबीचको मैत्रीपूर्ण सम्वन्ध अझ घनिष्ट हुन गएको छ। हालै नेपाल तीन वर्षको लागि राष्ट्र संघीय आर्थिक तथा सामाजिक परिषद्को सदस्यमा अत्यधिक बहुमतद्वारा निर्वाचित हुनु हामी सबैका लागि गर्वको कुरो हो। नयाँ अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाको स्थापनाको लागि प्रयास भइरहेको अहिलेको समयमा नेपालको सदस्यता महत्वपूर्ण हुनआएको छ र यस परिषद्को क्रियाकलापमा सक्रिय भाग लिई नेपालले सक्दो योगदान गर्नेछ।

२०. हाम्रो देशको विकासमा सहयोग प्रदान गर्ने मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरू र खास गरी यस वर्ष प्राकृतिक कारणबाट नेपालका विभिन्न भागमा हुनगएको खाद्यान्नको अभाव पूरा गर्न सहयोग दिने सबै मित्रराष्ट्र तथा संस्थाहरूप्रति मेरो सरकार कृतज्ञता ज्ञापन गर्दछ।

२१. अन्तमा, लोकसम्मतिलाई सर्वोपरि राख्ने हाम्रो देशको परम्परालाई सधैं अक्षुण्ण राख्दै नचाहिंदो वादविवाद, आपसी झैझगडा र कोरा सिद्धान्तमा मात्र नलागी प्रत्येक नेपालीले भित्री मनदेखि नै एक स्वतन्त्र अधिराज्यको स्वतन्त्र नागरिक हुँ भन्ने कुरामा गौरव लिई नेपाली मात्रको सर्वाङ्गीण विकासमा हामी सबै मिली अग्रसर हुनसकौं। यस उद्देश्य परिपूर्ति गर्ने काममा सदा झैं मेरो सरकारलाई सबैको सहयोग मिल्नेछ भन्ने हामीले आशा राखिबक्सेका छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

आज्ञाले–
स्यामकृष्ण भटराई
राष्ट्रिय पञ्चायतको सचिव

६५

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

७५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।